मार्च २०२६ मा संशोधित

# विदेशीहरूको लागि जीवनयापन गाइड

## नेपाली संस्करण

## ネパール語版



# सामग्री तालिका

◆अनुरोध◆

कृपया ध्यान दिनुहोस् केही सोधपुछ विदेशी भाषाहरूमा गर्न सकिँदैन, त्यसैले कृपया जापानी भाषा बुझ्ने कसैको सहयोग लिई सोधपुछ गर्नुहोस् ।


| 1 | **आपतकालीन अवस्थामा** | **पृष्ठ नम्बर** |
|---|---|---|
| (1) | भूकम्प | P. 1 |
| (2) | आँधी | P. 2 |
| 2 | **कानुनी प्रक्रियाहरू** | **पृष्ठ नम्बर** |
| (1) | बसोबासको योग्यता | P. 2 |
| (2) | विवाह गर्दा (विवाह दर्ता) | P. 3 |
| (3) | सम्बन्ध विच्छेद हुँदा (सम्बन्ध विच्छेदको दर्ता) | P. 4 |
| (4) | परिवारको सदस्य वा साथीको मृत्यु हुँदा (मृत्यु दर्ता) | P. 4 |
| (5) | बच्चा जन्मिँदा (जन्म दर्ता) | P. 5 |
| (6) | छाप दर्ता | P. 5 |
| (7) | राष्ट्रिय स्वास्थ्य बीमामा सामेल | P. 6 |
| (8) | माइ नम्बर कार्डको निवेदन | P. 6 |
| 3 | **सार्वजनिक सेवाहरू** | **पृष्ठ नम्बर** |
| (1) | खानेपानी | P. 7 |

| | | |
|---|---|---|
| (2) | फोहोरमैला | P. 7 |
| (3) | फोहोरका प्रकारहरू र तिनीहरूलाई कसरी व्यवस्थापन गर्ने | P. 8 |
| **4** | **दैनिक जीवनको लागि उपयोगी जानकारी** | **पृष्ठ नम्बर** |
| (1) | समुदायमा बस्ने | P. 16 |
| **5** | **रोग र स्वास्थ्य** | **पृष्ठ नम्बर** |
| (1) | स्वास्थ्य बीमा प्रणाली | P. 16 |
| (2) | बिरामी वा चोटपटक लागेमा | P. 19 |
| (3) | स्वास्थ्य जाँच र परीक्षणहरू | P. 21 |
| **6** | **बच्चा जन्म र बच्चाको हेरचाह** | **पृष्ठ नम्बर** |
| (1) | गर्भवती भएकोबेला | P. 21 |
| (2) | मातृ तथा बाल स्वास्थ्य पुस्तिका | P. 22 |
| (3) | बच्चा जन्मदा | P. 22 |
| (4) | बालबालिकाको चिकित्सा खर्चको लागि अनुदान प्रणाली | P. 22 |
| (5) | शिशु स्वास्थ्य जाँच सम्बन्धी जानकारी | P. 23 |
| (6) | एकल अभिभावक परिवार तथा बाल भत्ता र सहयोग प्रणाली | P. 23 |
| (7) | बच्चालाई कसैको हेरचाहमा (डेकेयर सेन्टर, आदि) राख्न चाहेको अवस्थामा। | P. 24 |

| | | |
|---|---|---|
| (8) | बाल हेरचाह सहयोग | P. 25 |
| (9) | बाल हेरचाह रिफ्रेश केन्द्र RELATTO | P. 27 |
| (10) | बाल पुस्तकालय +plus | P. 28 |
| 7 | **विद्यालय/शिक्षा** | **पृष्ठ नम्बर** |
| (1) | किन्डरगार्डन | P. 29 |
| (2) | प्राथमिक र जुनियर हाई स्कूलहरू | P. 29 |
| (3) | विदेशी बालबालिकाहरूले जापानी विद्यालयमा पढ्न लागी | P. 29 |
| (4) | नेयागावा स्कूल पार्क | P. 30 |
| 8 | **यातायात** | **पृष्ठ नम्बर** |
| (1) | साइकल | P. 31 |
| (2) | साझा सवारी सेवा | P. 32 |
| (3) | नेया बस | P. 33 |
| (4) | सार्वजनिक यातायात प्रयोग प्रवर्द्धन अनुदान परियोजना | P. 34 |
| 9 | **कर र बीमा** | **पृष्ठ नम्बर** |
| (1) | कर | P. 35 |
| (2) | बीमा | P. 36 |
| 10 | **समस्यामा पर्दा मद्दत पाउने ठाउँ: जापानी भाषा कक्षाहरू** | **पृष्ठ नम्बर** |

| | | |
|---|---|---|
| (1) | दैनिक जीवनसम्बन्धी सामान्य जानकारी | P. 36 |
| (2) | जापानी भाषा कक्षाहरू | P. 37 |
| 11 | **दैनिक जीवनमा उपयोगी वेबसाइटहरू** | |
| (1) | ओसाकाका दैनिक जीवनको लागि आवश्यक | P.38 |
| (2) | ओसाकाका विपद् रोकथाम एप | P.38 |
| | **परिशिष्ट** | |
| | शहरमा रहेका सार्वजनिक सुविधाहरूको सूची | 1 |
| | नेयागावा शहरका सार्वजनिक सुविधाहरू, आदि। (नेयागवासी कोक्यो सिसेचु तो) | 14 |
| | विदेशीहरूलाई उपलब्ध परामर्श सेवाहरूको सूची | 15 |

# 1. आपतकालीन अवस्थामा

## (1) भूकम्प

जापान भूकम्प धेरै आउने देश हो, र विगतमा केइहानशिन क्षेत्रमा ठूला भूकम्पहरू आएका छन्। जुनसुकै बेला आउन सक्ने भूकम्पको लागि तयारी गरौं।

### ● यदि भूकम्प आयो भने

・आत्तिएर बाहिर नभागौ, पहिले आफ्नो ज्यान सुरक्षित राख्नुहोस्।

– घरमा हुँदा कम्पन (हल्लिएको जस्तो) महसुस भएमा, तुरुन्तै टेबल वा डेस्कमुनि लुकी कुसन आदि प्रयोग गरेर टाउको जोगाउनुहोस्।

– हल्लाउन बन्द नभएसम्म पर्खनु पर्छ।

– हल्लाउन बन्द भएपछि, कुनै आगो लागेको छ कि छैन भनेर जाँच गर्नुपर्छ।

### ● भूकम्पको लागि तयारी

・दराज, किताब र्याक आदि सामानलाई पर्खाल वा खम्बामा मजबुत रूपमा बाँधेर राख्नुहोस्।।

・कम्तिमा तीन दिनको लागि पुग्ने खाना र पिउने पानी (प्रति व्यक्ति प्रति दिन ३ लिटर) तयार गरी राख्नुहोस्।

▪आपतकालीन अवस्थामा तुरुन्त लैजान मिल्ने गरी झोलामा सुख्खा खानेकुरा (छिटो नबिग्रने खानेकुरा, बिस्कुट आदि) र टर्चलाइट आदि राखेर तयार राख्नुहोस्।

### ● ठूलो भूकम्प वा बाढी जस्ता ठूलो विपत्तिको अवस्थामा

"आश्रय स्थल (避難所=हिनानज्यो)", "अस्थायी आश्रय स्थल (一時避難地=इचिजी हिनानचि)", वा "विस्तृत आश्रय स्थल (広域避難地=कोइकि हिनानचि)" भनिने स्थानमा जानुहोस्।

1. आश्रय स्थान

आश्रय स्थान भनेको भवन भत्किने जस्ता खतराको अवस्थामा आश्रय लिने ठाउँ हो। प्राथमिक र जुनियर हाई स्कूलहरू जस्ता सार्वजनिक सुविधाहरूलाई आश्रय स्थानको रूपमा तोकिएको छ।

2. अस्थायी आश्रय स्थान

विस्तृत आश्रय स्थलतर्फ जाँदै गर्दा बीचमा खतरा नजिक आएमा केही समयका लागि बस्ने स्थान हो।

कृपया आफ्नो बसोबास क्षेत्र नजिकको आश्रय स्थल पहिल्यै जाँच गर्नुहोस्।

3. फराकिलो आश्रय स्थान

भूकम्पका कारण सहरमा आगलागी भएमा ज्यान जोगाउन जाने धैरै फराकिलो स्थान हो ।

**सम्पर्क स्थान** नगरपालिकाको मुख्य कार्यालय 3 तल्ला
विपद् रोकथाम शाखा ☎072－825－2194

## (2) आँधी

जापानमा आँधीको मौसम जुन देखि अक्टोबर सम्म हुन्छ। आँधी–तूफान नजिकिँदै आएको अवस्थामा मौसम सम्बन्धी
सूचनामा विशेष ध्यान दिनुहोस्।

### ● आँधीको तयारी

- बिजुली, ग्यास, पानी, टेलिफोन, आदि सेवा बन्द हुन सक्छ ।
- टर्चलाइट, मैनबत्ती, आपतकालीन खाना, पिउने पानी, औषधि, आदि तयार गरी राख्नुहोस् ।
- बाहिरको अवस्था थाहा पाउनको लागि पोर्टेबल रेडियो बोक्नु उपयोगी हुन्छ।

**सम्पर्क स्थान** नगरपालिकाको मुख्य कार्यालय 3 तल्ला
विपद् रोकथाम शाखा ☎072－825－2194

# 2. कानुनी प्रक्रियाहरू

## (1) बसोबास योग्यता

- जापान प्रवेश गर्दा प्राप्त गरेको बसोबासको स्थिति अनुसार बसाइँका सर्तहरू फरक हुन्छन्।

- तपाईं जापानमा कति समय बस्न सक्नुहुन्छ भन्ने कुरा आफ्नो पासपोर्ट र भिसा जाँच गरेर पुष्टि गर्नुहोस्।
- विद्यार्थी भिसा वा छोटो अवधिको बसाइँ (Short-term stay) भिसामा प्रवेश गरेको अवस्थामा काम गर्न पाइँदैन।
- आफ्नो बसोबास योग्यता अन्तर्गत अनुमति दिइएको भन्दा बाहिरका गतिविधिहरूमा संलग्न हुन चाहनुहुन्छ भने, तपाईंले बसोबास योग्यता स्थिति परिवर्तनको लागि वा बसोबास योग्यता स्थिति अन्तर्गत अनुमति दिइएको भन्दा बाहिरका गतिविधिहरूमा संलग्न हुन अनुमतिको लागि आवेदन दिनुपर्छ।
- आफ्नो बसाइ अवधि बढाउन चाहनुहुन्छ भने, आफ्नो हालको बसाइ अवधि समाप्त हुनुभन्दा पहिले आफ्नो बसाइ अवधि बढाउनको लागि आवेदन दिनुपर्छ।
- अस्थायी रूपमा आफ्नो देश फर्कनुहुन्छ र सोही उद्देश्यका लागि पुनः प्रवेश गर्न चाहनुहुन्छ भने, पुन प्रवेश अनुमति (Re-entry permit) लिन आवश्यक हुन्छ ।

**सम्पर्क स्थान**

① ओसाका अध्यागमन ब्यूरो
नान्को किटा, सुमिनोएकु, ओसाका 1－29－53 ☎0570－064259
IP फोन/विदेशबाट ☎06-4703-2050
सम्पर्क समय 9:00～16:00 (शनिबार, आइतबार र बिदा बाहेक)

② विदेशी बासिन्दाहरूको सामान्य सूचना केन्द्र ☎0570－013904
IP फोन/विदेशबाट ☎03－5796－7112
सम्पर्क समय 8:30～17:15 (शनिबार, आइतबार र बिदा बाहेक)
अंग्रेजी, चिनियाँ, स्पेनिश, कोरियाली, भाषामा पनि उपलब्ध छ।

## (2) विवाह गर्दा (विवाह दर्ता)

विवाह गर्दा, नेयागावा सिटी सर्भिस गेटको 2 तल्लामा रहेको वानस्टप काउन्टरमा विवाह दर्ता फारम बुझाउनु पर्छ।

### ● गैर-जापानी व्यक्तिले जापानी व्यक्तिसँग विवाह गर्दा

गैर-जापानी नागरिकहरूलाई चाहिने कागजात

① आफ्नो देशको दूतावास वा वाणिज्य दूतावासद्वारा जारी गरिएको विवाह योग्यता प्रमाणपत्र तथा अनुवाद
② राहदानी

**जापानी नागरिकहरूलाई चाहिने कागजात**

अनावश्यक (मार्च 1, 2024 देखि, पारिवारिक दर्ताको प्रतिलिपि संलग्न गर्न आवश्यक छैन।)
*विवाह दर्ता फारममा जापान भित्र बसोबास दर्ता भएको र वयस्क (जापानी नागरिकहरूको हकमा 18 वर्ष वा सोभन्दा माथि) भएका दुई साक्षीहरूले हस्ताक्षर गर्नुपर्छ।

● **दुवै गैर-जापानी नागरिकता भएका व्यक्तिहरूले विवाह गर्दा चाहिने कागजात**

① आफ्नो देशको दूतावास वा वाणिज्य दूतावासद्वारा जारी गरिएको विवाह योग्यता प्रमाणपत्र र त्यसको अनुवाद

②राहदानी

सम्पर्क स्थान ・आफ्नो देशको दूतावास वा वाणिज्य दूतावास
・नेयागावा शहर सर्बिस गेट 2 तल्ला, नागरिक सेवा विभाग (परिवार दर्ता र बासिन्दा दर्ता)) ☎072－825-2215

## (3) सम्बन्ध विच्छेद हुँदा

सम्बन्ध विच्छेद गर्दा, नेयागावा सिटी सर्भिस गेटको 2 तल्लामा रहेको वान–स्टप काउन्टरमा ″सम्बन्ध विच्छेद दर्ता फाराम″ पेश गर्नुपर्छ। गैर-जापानी जोडीहरूले सम्बन्ध विच्छेद गर्दा, जोडी बस्ने देशको कानून प्रयोग गरिनेछ।
उदाहरणका लागि, यदि आपसी सहमतिमा हुने सम्बन्ध विच्छेद मान्य नभएको देशको नागरिक र जापानी नागरिक जापानमा बसोबास गरिरहेका छन् भने, जापानको कानुन अनुसार आपसी सहमतिमा सम्बन्ध विच्छेद गर्न सकिन्छ ।
※यदि कुनै जापानी व्यक्ति अर्को शहरमा बासिन्दाको रूपमा दर्ता भएको छ भने, बासिन्दा कार्ड आवश्यक पर्दछ।

सम्पर्क स्थान ・आफ्नो देशको दूतावास वा वाणिज्य दूतावास
・नेयागावा शहर सर्बिस गेट 2 तल्ला नागरिक सेवा विभाग (परिवार दर्ता र बासिन्दा दर्ता))
☎072－825-2215

## (4) परिवारको सदस्य वा साथीको मृत्यु हुँदा (मृत्यु दर्ता)

मृत्युको बारेमा थाहा पाएको 7 दिन भित्र, नेयागावा सिटी सर्भिस गेटको 2 तल्लामा रहेको वान–स्टप काउन्टरमा ″मृत्यु दर्ता″ फाराम पेश पर्छ।
आवश्यक कागजात
・मृत्यु प्रमाणपत्र (मृत्यु सूचना फारमको कागजमै छापिएको हुन्छ)

● **यदि मृतक व्यक्ति गैर-जापानी नागरिक थिए भने**

・मृतक व्यक्तिको रेजिडेन्स कार्ड (在留カード) वा विशेष स्थायी बसोबास प्रमाणपत्र (特別永住者証明書) नेयागावा सिटी सेवा गेट दोस्रो तलाको वन-स्टप काउन्टरमा फिर्ता गर्नुपर्छ।
・मृतक व्यक्तिको देशको दूतावास वा वाणिज्य दूतावासलाई जानकारी दिनुपर्छ।

सम्पर्क स्थान ・आफ्नो देशको दूतावास वा वाणिज्य दूतावास
・नेयागावा शहर सर्बिस गेट 2 तल्ला नागरिक सेवा विभाग
(परिवार दर्ता र बासिन्दा दर्ता)) ☎072－825-2215

## (5) बच्चा जन्मिँदा (जन्म दर्ता)

बच्चा जन्मेको 14 दिन भित्र नेयागावा सिटी सर्भिस गेटको 2 तल्लामा रहेको वान–स्टप काउन्टरमा जन्म दर्ता फाराम पेश गर्नुपर्छ।

आवश्यक कागजात

①जन्म प्रमाणपत्र (जन्म सूचना फारमको कागजमै छापिएको हुन्छ)
② आमा-बच्चा स्वास्थ्य पुस्तिका

सम्पर्क स्थान ・नेयागावा शहर सर्बिस गेट 2 तल्ला नागरिक सेवा विभाग
(परिवार दर्ता र बासिन्दा दर्ता))
☎072–825–2215 (परिवार दर्ता र जन्म प्रमाणपत्रका मामिलाहरू)
・नेयागावा शहर सर्बिस गेट 7 तल्ला
बाल हेरचाह सहयोग विभाग, बालबालिका विभाग
☎072–800–7079 (मातृ तथा बाल स्वास्थ्य पुस्तिका सम्बन्धी विषयहरू)

## (6) छाप दर्ता

जापानमा, जग्गा, घर वा कार खरिद गर्ने जस्ता महत्त्वपूर्ण सम्झौताहरूमा हस्ताक्षर गर्दा विशेष छाप (जित्सुइन) आवश्यक पर्दछ। यो उक्त छाप नगरपालिकामा दर्ता गरिएको हुनुपर्छ (छाप दर्ता। दर्ता नेयागावा सिटी सर्भिस गेटको 2 तल्लामा रहेको वान–स्टप काउन्टरमा गर्न सकिन्छ।

※दर्ता गर्न नसकिने छापहरू पनि छ।

सम्पर्क स्थान नेयागावा शहर सर्बिस गेट 2 तल्ला नागरिक सेवा विभाग
(परिवार दर्ता र बासिन्दा दर्ता)
☎072－813－1211(आवासीय दर्ता अधिकारी)

## (7) राष्ट्रिय स्वास्थ्य बीमामा सामेल हुने

बासिन्दाको रूपमा दर्ता भएका र तीन महिना वा सोभन्दा बढी बसाइ अवधि भएका र निम्न वर्गहरूमा पर्नेहरूले राष्ट्रिय स्वास्थ्य बीमामा नामांकन गर्न आवश्यक छ। सामेल हुनको लागिआफ्नो निवास कार्ड (छैन भने राहदानी) र तल सूचीबद्ध आवश्यक कागजातहरूका साथ निवेदन दिनुस।

1. कर्मचारी बीमा (जस्तै कार्यस्थल स्वास्थ्य बीमा) को लागि योग्य नभएको व्यक्ति नेयागावा शहरमा बसाई सर्छ भने
2. कर्मचारी बीमा, आदिको लागि आफ्नो योग्यता गुमाउनुभयो भने (स्वास्थ्य बीमा योग्यता गुमाएको प्रमाणपत्र आवश्यक छ)
3. कल्याणकारी सुविधा समाप्त भए भने (सु कल्याणकारी सुविधा समाप्त भएको पत्र आवश्यक छ।
4. नवजात शिशु छ तर कर्मचारी बीमा, आदि अन्तर्गत आश्रितको रूपमा दाबी गर्न सक्नुहुन्न भने (आमाबाबुको राष्ट्रिय स्वास्थ्य बीमा योग्यता देखाउने कागजातहरू (योग्यता पुष्टिकरण पत्र वा योग्यता जानकारी सूचना), मातृ तथा बाल स्वास्थ्य पुस्तिका, आदि आवश्यक पर्दछ)

※ बसाइको अवधि सकिएका व्यक्तिहरूले राष्ट्रिय स्वास्थ्य बीमामा भर्ना हुन सक्दैनन्। ( बसाइको अवधि तीन महिनाभन्दा कम भए पनि, आफ्नो बसाइको स्थितिको आधारमा भर्ना हुन सक्नुहुन्छ।)

※ सदस्यताको अवधि अनुसार राष्ट्रिय स्वास्थ्य बीमा प्रिमियम तिर्न सकिनेछ।

सम्पर्क स्थान नेयागावा शहर सर्बिस गेट 2 तल्ला नागरिक सेवा विभाग
(राष्ट्रिय स्वास्थ्य बीमा अधिकारी)
☎050－1721－9283

## (8) माइ नम्बर कार्ड बनाउने

- माइ नम्बर कार्ड पहिचानको आधिकारिक रूप हो जुन व्यक्तिगत र अनलाइन दुवै रूपमा प्रयोग गर्न सकिन्छ।
- विदेशी बासिन्दाहरूको लागि, राहदानी जस्ता फोटो भएको परिचयपत्रको साथ पहिचान प्रमाणित गरेपछि कार्ड जारी गरिनेछ।。
- माई नम्बर कार्ड प्राप्त गर्न, आवेदन दिनुपर्छ।

सम्पर्क स्थान नेयागावा शहर सर्बिस गेट 2 तल्ला नागरिक सेवा विभाग
(परिवार दर्ता र बासिन्दा दर्ता)) ☎072-801-1073


थप विवरणहरूको लागि, 、 「कृपया माई नम्बर कार्ड जनरल वेबसाइट हेर्नुहोस्।
HP：https://www.kojinbango-card.go.jp/

## 3. सार्वजनिक सेवाहरू

सार्वजनिक सेवाहरूका बिलहरू तिर्दा, तपाईंको बैंक वा हुलाक कार्यालयबाट पैसा स्थानान्तरण गर्न सुविधाजनक हुन्छ। कन्बिनीमा पनि भुक्तानी गर्न सक्नुहुन्छ।。

### (1) खानेपानी

(पानीको प्रयोग र शुल्कको सूचना, प्रत्येक दुई ⇨ महिनामा एक पटक जारी गरिन्छ) पानीको प्रयोग सुरु गर्ने, बन्द गर्ने, र पानी शुल्क बारे जानकारीको लागि, कृपया तल हेर्नुहोस्।


ご使用水量のお知らせ
いつもご利用いただきありがとうございます。
様
お客様番号
メーター番号　口径　用途　検針員
前回検針日　今回検針日
今回指示数(A)　m³
前回指示数(B)　m³
メーター取替時のご使用水量(C)　m³
ご使用水量(A)-(B)+(C)　m³
ご使用年月分
請求予定金額　うち消費税等
水道料金 (10%)　円(　円)
下水道使用料(10%)　円(　円)
合計金額　円
このお知らせで、集金することはありません。
次回振替予定日
通信欄
口座振替済みのお知らせ
ご使用年月分
ご使用水量　m³
振替日　うち消費税等
水道料金　円(　円)
下水道使用料　円(　円)
振替済金額　円
上記のとおり水道料金等を領収させていただきました。
※手書きによる加筆修正は無効です。
登録番号　寝屋川市上下水道局(水道事業)T5800020001512
寝屋川市上下水道局(下水道事業)T6800020001511
寝屋川市上下水道局　経営総務課
寝屋川市本町15番1号　TEL 072-824-1177
(裏面もご覧ください。)

सम्पर्क स्थान　खानेपानी सिवरेज ब्यूरो, 3 तल्ला,
व्यवस्थापन तथा सामान्य मामिला विभाग
☎072—824—1177
पानीको प्रयोग सुरु गर्ने, बन्द गर्ने
वेबसाइटमा प्रक्रिया पूरा गर्न सक्नुहुन्छ।
HP:https://www.city.neyagawa.osaka.jp/organization_list/joge_suido/keieisoumu/suidou/index.html

### (2) फोहोरमैला

फोहोरलाई प्रकार अनुसार छुट्याएर 45 लिटर सम्मको पारदर्शी वा अर्ध-पारदर्शी झोलामा राख्नु पर्छ र विसर्जन गर्नु अघि फोहोरलाई निम्न वर्गहरूमा विभाजन गर्नुपर्छ: 1) जलाउन मिल्ने फोहोर, 2) जलाउन नमिल्ने फोहोर, 3) ब्याट्री र लाइटर, 4)साना रिचार्जेबल ब्याट्री र साना उपकरणहरू, 5) क्यान र बोतलहरू, 6) फोहोर प्लास्टिक (प्लास्टिक कन्टेनर र प्याकेजिङ) र PET बोतलहरू, 7) पुरानो कागज र प्रयोग गरिएका कपडाहरू, 8) असाधारण फोहोर, 9) घरेलु उपकरण पुनर्चक्रण कानूनको अधीनमा रहेका उत्पादनहरू, 10) ट्युब बत्ती र स्प्रे क्यान, 11) कम्प्युटर, आदि। कृपया नियमहरू पालना गर्नुहोस् र आफ्नो फोहोर सही तरिकाले विसर्जन गर्नुहोस्, र फोहोर घटाउन र पुनः प्रयोग गर्न प्रयास गर्नुहोस्।

• बस्ने ठाउँको आधारमा, फोहोर फाल्ने तोकिएका दिन र ठाउँहरू छन्। आफ्ना छिमेकीहरूलाई सोध्नुहोस्।
• दैनिक घरायसी प्रयोगबाट उत्पन्न हुने जलाउन मिल्ने फोहोर पारदर्शी वा अर्धपारदर्शी झोलामा राखेर संकलनको दिन बिहान 9:00 बजेभित्र तोकिएको स्थानमा फाल्नुपर्छ।
• फोहोर वर्गीकरण र सङ्कलन दिनहरूको लागि नेयागावा शहर क्लिन क्यालेन्डर हेर्नुहोस्।
※ कींन क्यालेन्डर 6 भाषाहरूमा उपलब्ध छ: अंग्रेजी, चिनियाँ, कोरियाली, पोर्चुगिज, स्पेनिश र भियतनामी।
वितरण स्थान (नगरपालिका को मुख्य कार्यालय 1 तल्लाको जानकारी कुना, नेयागावा सिटी सर्भिस गेट 1 तल्लाको रिसेप्शन, राहदानी केन्द्र, सिटी स्टेशनहरू (होरिमिजु सर्भिस काउन्टर सहित), स्वास्थ्य तथा कल्याण केन्द्र 1 तल्लाको रिसेप्शन, क्लिन सेन्टर)

सम्पर्क स्थान • सामान्य घरायसी फोहोर सङ्कलन: क्लिन सेन्टर 2 तल्ला, वातावरणीय मामिला विभाग ☎072—820—7400
• क्लिन सेन्टर क्लिन सेन्टर 6 तल्ला वातावरणीय सामान्य मामिला विभाग ☎072—824—0911
※ सोमबार～शुक्रबार 8:30～17:00 (शनिबार, आइतबार, बिदाहरू, नयाँ वर्षको बिदाहरू [12/31～1/3] बाहेक)

## (3) फोहोरका प्रकारहरू र व्यवस्थापन गर्ने तरिका

① जलाउन मिल्ने फोहोर (हप्तामा 2 पटक)

फोहोर फाल्ने ठाउँ: फोहोर स्टेशन
फाल्ने चिजहरु :



खानाको फोहोर


काटिएका हाँगाहरू र बिरुवाका पातहरू


ओछ्यान र कार्पेटहरू


झोला र जुत्ता


भिडियो क्यासेट टेपहरू (केसहरू सहित)


डिस्पोजेबल डायपर (फोहोर नराख्नुहोस्)

अन्य:
भित्री वस्त्र, तौलिया, र अन्य कपडा, बुट, विग, रेनकोट, कपडाको खेलौना, फोटो एल्बम, फोहोर कागज, थर्मल पेपर, र अन्य विशेष

※ **सावधान**
• खानाको फोहोरबाट पानी निचोद्नुसु र फोहोरको झोलालाई कडा रूपमा बाँध्नुहोस्।

• बिरुवाको फोहोर र काँटछाँट गरिएका हाँगाहरू 2 देखि 3 वटा 45 लिटर फोहोरका झोलाहरू सम्म सीमित।
(यो सीमा नाघ्यो भने, यसलाई ⑧ अस्थायी फोहोरको रूपमा वर्गीकृत गरिनेछ।)
• ओछ्यानलाई झोलामा राख्नुहोस् वा डोरीले बाँध्नुहोस्।
(तीनवटा भन्दा बढीलाई ⑧ अस्थायी फोहोरको रूपमा वर्गीकृत गरिनेछ।)
• सम्भव भएसम्म ओछ्यान, काटिएका रूखका हाँगाहरू आदि शुक्रबार फाल्नुहोस ।

## ② जलाउन नसकिने फोहोर (महिनामा 2–3 पटक, पहिलो, तेस्रो र पाँचौं बुधबार)


फोहोर फाल्ने ठाउँ: फोहोर स्टेशन


फाल्ने चिजहरु :



CD • DVD • फ्लपी डिस्क
(केसहरू सहित) )


माइक्रोवेभ ओभन


पंखा


खेलौना
(धातु, प्लास्टिक, आदिको)


18 लिटरको क्यान




बत्तीका बल्बहरू
(यद्यपि, फ्लोरोसेन्ट बत्तीहरू सङ्कलन केन्द्रहरूमा लग्नु पर्छ।)

अन्य वस्तुहरू:
गल्फ ब्यागहरू, ट्राईसाइकलहरू, आल्मुनियमका भाँडाहरू, मार्करहरू, जोइन्ट म्याटहरू, बाल्टिनहरू (धातु, प्लास्टिक, आदि), गैर-पेय पदार्थ बोतलहरू र क्यानहरू, आदि।

**※ल्यापटप, डिजिटल क्यामेरा र गेम जस्ता साना इलेक्ट्रोनिक उपकरणहरू सार्वजनिक सुविधाहरूमा जडान गरिएका सङ्कलन बक्सहरूमा फाल्नुपर्छ।**

※ **सावधान**

• जलाउन नसकिने फोहोर 2 वटा 45–लिटर फोहोर झोलासम्म (यदि यो सीमा नाघ्यो भने, यसलाई ⑧ अस्थायी फोहोरको रूपमा वर्गीकृत गरिनेछ) ।
• फुट्न सकिने वस्तुहरू, सिसा, छुरा, कीला आदि कागजमा बेर्नुहोस् र तिनीहरूलाई फाल्नु अघि ″खतरा″ लेबल टास्नुहोस।
• फुट्न सकिने वस्तुहरू, रेजर, नङ, पारा थर्मामिटर, ③ब्याट्री र लाइटरहरू छुट्टाछुट्टै पारदर्शी झोलाहरूमा राखेर फाल्नुहोस्।

⇨  

• प्रिन्टर मसीका कार्ट्रिजहरू, आदि पसलहरूमा राखेको सङ्कलन बक्सहरूमा राख्नुहोस्।
• निम्न वस्तुहरू जलाउन नसकिने फोहोर होइनन्, ⑧ अस्थायी फोहोरको रूपमा वर्गीकृत गरिएका छन्।。

1. फोहोरको मात्रा 45 लिटरको झोला 3 वटा भन्दा बढी फोहोर हुँदा
2. दराज र फर्निचरका बाकसहरू (फुटाइएको वा तुक्रा गरेको भए पनि, तिनीहरूलाई अस्थायी फोहोर मानिन्छ)
3. यदि आकार 40 x 100 x 40 cm छ भने, वा तौल 10 kg भन्दा बढी छ भने
4. आगो लाग्ने जोखिमका कारणले गर्दा, इग्निशन उपकरणहरू भएका चुल्हो र स्टोबहरू
5. बसाईसराईबाट उत्पन्न हुने ठूलो मात्राको फोहोर, आदि।

## ③ ब्याट्री र लाइटरहरू

• ब्याट्रीहरू डिस्पोज गर्ने तरिका प्रकार अनुसार फरक हुन्छ। निम्नानुसार फाल्नुहोस्:

(1) ड्राई सेल ब्याट्री र सिक्का ब्याट्री ⇒ ② जलाउन नसकिने फोहोर

(2) बटन सेल ब्याट्रीहरू: तिनीहरूलाई पसलमा राखेको सङ्कलन बक्समा राख्नुहोस्।。
(②जलाउन नसकिने फोहोरको रूपमा पनि व्यवस्थापन गर्न सकिन्छ)

(3) लाइटरहरू ⇒②नबल्ने फोहोर


※ ब्याट्री र लाइटरहरूलाई जलाउन नसकिने फोहोरको रूपमा फाल्दा, तिनीहरूलाई निश्चित रुपमा छुट्टै पारदर्शी झोलाहरूमा राख्न गर्नुहोस्।

## ④ साना रिचार्जेबल ब्याट्रीहरू/साना घरेलु उपकरणहरू

• शहर भित्रका सार्वजनिक सुविधाहरूमा जडान गरिएको सङ्कलन बक्समा राख्नुहोस्।
(साना रिचार्जेबल ब्याट्रीहरू ②जलाउन नसकिने फोहोरको रूपमा पनि व्यवस्थापन गर्न सकिन्छ)

(1) सानो रिचार्जेबल ब्याट्री ⇒ पहेंलो बक्समा

• निकेल–क्याडमियम, निकेल–धातु लिथियम–आयन ब्याट्री
(पोर्टेबल मोबाइल ब्याट्री、इलेक्ट्रोनिक चुरोटको ब्याट्रीहरू、हामी विद्युतीय साइकलका ब्याट्रीहरू पनि सङ्कलन गर्न सकिन्छ।)



माथिको चिन्ह सम्झनुस




(2) साना घरायसी उपकरणहरू ⇒ निलो बक्समा

• 31 cm चौडा x 15 cm लामो स्लटमा अट्ने वस्तुहरू。
(उदाहरण) स्मार्टफोन, ल्यापटप, डिजिटल क्यामेरा, USB मेमोरी,

VCR, संगीत प्लेयर, गेम कन्सोल, आदि।

【सङ्कलन बक्सहरू स्थापना गरिएका स्थानहरू】

सिटी हलको मुख्य भवन, स्वास्थ्य तथा कल्याण केन्द्र, प्रत्येक सिटी स्टेशन (होरिजो सेवा डेस्क सहित、निशी सिटी स्टेशन बाहेक)、राहदानी केन्द्र, औद्योगिक प्रवर्द्धन केन्द्र, नागरिक हल, नागरिक व्यायामशाला, बाल केन्द्र, बाल हेरचाह रिफ्रेस सेन्टर, सामुदायिक केन्द्रहरू (मिनामी शाखा सहित), एसुपोआर, Aeon मल शिजोनावाटे (साना उपकरणहरू मात्र, रिचार्जेबल ब्याट्रीहरू छैनन्), सार्वजनिक स्वास्थ्य केन्द्र

## ⑤ क्यान र बोतलहरू (महिनाको दुई पटक, दोस्रो र चौथो बुधबार)


फाल्ने ठाउँ : फोहोर स्टेशन

फाल्ने चिजहरु :



बोतल


आल्मुनियम र स्टीलका क्यानहरू


डिब्बाबंद मिठाई र अन्य डिब्बाबंद सामानहरू

आदि।

<u>※ पेय पदार्थ र खानाका क्यान र बोतलहरू मात्र</u>

※ **सावधान**

- क्यान र बोतलहरूलाई हल्का रूपमा पखाल्नुहोस्।
- बोतलको ढक्कन हटाउनुहोस्।
- फिर्ता गर्न मिल्ने बोतलहरू (रक्सी, सोया सस, बियर, आदिका लागि प्रयोग गरिएका बोतलहरू) खरिद गरिएको र पुनः प्रयोग गरिएको पसलमा फिर्ता गर्नुपर्छ।
- खाना र पेय पदार्थ बाहेकका क्यान, बोतल, कप र ताप प्रतिरोधी गिलास, जस्तै कस्मेटिक बोतलहरू, लाई ② जलाउन नसकिने फोहोरको रूपमा वर्गीकृत गरिएको छ।

## ⑥ फोहोर प्लास्टिक (प्लास्टिक कन्टेनर र प्याकेजिङ) र PET बोतलहरू (हप्तामा एक पटक)।

【क्षेत्र A: प्रत्येक बिहिबार, क्षेत्र B: प्रत्येक सोमबार】


※ क्लिन क्यालेन्डरमा आफ्नो क्षेत्र A वा B हो भनेर जाँच गर्न सक्नुहुन्छ।


फाल्ने ठाउँ : फोहोर स्टेशन

फाल्ने चिजहरु : ●यो चिन्ह भएका कन्टेनरहरू

プラ PET


कप चाउचाउको भाडा


खानाको ट्रे


अण्डाको प्याक





खाद्य तेल कन्टेनर


आदि।

※ **सावधान**

- प्लास्टिकका बोतलहरूबाट लेबल र क्यापहरू निकाल्नुहोस् र पारदर्शी वा अर्ध–पारदर्शी झोलामा राख्नुहोस्। (प्लास्टिकको फोहोर र प्लास्टिकका बोतलहरू एउटै झोलामा फाल्न सकिन्छ।)

- कागजको इन्स्ट्यान्ट नूडल कन्टेनर र कुशनिङ सामग्रीहरू ① जलाउन मिल्ने फोहोर हुन्। कृपया तिनीहरूलाई फाल्नु अघि ध्यानपूर्वक जाँच गर्नुहोस्।

- सामग्री प्लास्टिकको भए पनि, खेलौना र बाल्टिन जस्ता उत्पादनहरू आफैंमा, ②नबल्ने फोहोर。
- दागलाई हल्का रूपमा पखाल्नुहोस्। पखालेपछि पनि दाग बाँकी रह्यो भने, त्यसलाई जलाउन सकिने फोहोर भएको झोलामा राख्नुहोस्।。
- प्लास्टिकका बोतलहरू फाल्ने तरिका (कृपया यी निर्देशनहरू पालना गर्नुहोस्)




## ⑦ पुरानो कागज र लुगा (हप्तामा 1 पटक) 【क्षेत्र A: प्रत्येक सोमबार, क्षेत्र B: प्रत्येक बिहिबार】

※ क्लिन क्यालेन्डरमा आफ्नो क्षेत्र A वा B हो भनेर जाँच गर्न सक्नुहुन्छ।

फाल्ने ठाउँ : फोहोर स्टेशन

फाल्ने चिजहरु : पुरानो कागज पुरानो लुगा



अखबार, पत्रिका, कार्डबोर्ड, दूधको डिब्बा, विविध बक्स, कागज ट्वाइलेट रोलहरू आदि), क्यान्डी पेपर, टि–शर्ट, पाइन्ट आदि।

※ पुरानो कागज र पुरानो लुगा、छुट्टै सफा फोहोरको झोलामा राख्नुहोस् वा डोरीले बाँध्नुहोस्।

※ **सावधान**


- बासईसर्दा निस्कने ठूलो मात्रामा कार्डबोर्ड बक्सहरू, आदि, ⑧अस्थायी फोहोरको रूपमा वर्गीकृत गरिन्छ।
- निम्न वस्तुहरू पुरानो कागज वा प्रयोग गरिएको लुगा होइनन्, ① जलाउन मिल्ने फोहोर हुन्। आल्मुनियम लेपित कागज, गन्हाउने कागज, फोहोर कागज, आदि।

पुरानो लुगाहरू बाहेकका कपडाहरू (अण्डरवियर, तौलिया, आदि)
· सम्भव भएसम्म, पुरानो कागज र पुरानो लुगा स्थानीय रिसाइक्लिंग केन्द्रमा दिनुहोस्।

## ⑧ असाधारण फोहोर (ठूलो फोहोर, बासईसर्दा निस्कने फोहोर, आदि: शुल्क लाग्छ)

फाल्ने तरिका : ★क्लिन सेन्टरद्वारा सङ्कलन (बुकिङ आवश्यक छ, शुल्क लाग्नेछ)
★ सिधै क्लिन सेन्टरमा लग्ने (बुकिङ आवश्यक छैन, शुल्क लाग्नेछ)

फाल्ने चिजहरु :




**सावधान**

· निम्न वस्तुहरूलाई अस्थायी फोहोर मानिन्छ:

(1) 45 लिटरको फोहोर झोला 3 वटा भन्दा बढी।
(2) दराज र फर्निचरहरू (फुटाइएको वा टुक्रिएको भए पनि, अस्थायी फोहोर मानिन्छ)
(3) 40 cm लामो x 100 cm चौडा x 40 cm गहिरो, वा तौल 10kg भन्दा बढी छ भने
(4) आगो लाग्ने जोखिमका कारणले गर्दा, इग्निशन उपकरणहरू भएका चुल्हो र स्टोबहरू
(5) बसाईसराईबाट उत्पन्न हुने ठूलो मात्राको फोहोर, आदि।

· चुल्हो र स्टोबबाट मट्टितेल र ब्याट्रीहरू निश्चित रुपमा निकाल्ने।
· टेलिभिजन, एयर कन्डिसनर (बाहिरी युनिट सहित), वाशिङ मेसिन (कपडा सुकाउने मेसिन सहित), र रेफ्रिजरेटरहरू、⑨घरेलु उपकरण रिसाइकल कानूनको अधीनमा रही उत्पादनहरू कसरी विसर्जन गर्ने भनेर हेर्नुहोस्।
· कम्प्युटर र डिस्प्लेहरू⑪कम्प्युटर कसरी फाल्ने हेर्नुहोस्。

★ संकलन (बुकिङ आवश्यक, शुल्क लाग्नेछ)
सम्पर्क समय 8：30～17：00 (सोमबार देखि शुक्रबार)

· शनिबार र आइतबार बाहेक सार्वजनिक बिदाहरूमा खुल्नेछ।
· तपाईंको उपस्थिति आवश्यक छ। घर भित्रबाट फोहोर संकलन गर्न सक्दैनौं, त्यसैले आफ्नो घर अगाडि निकालेर राख्नुहोस्।。

सम्पर्क स्थान: क्लिन सेन्टर 2 तल्ला
वातावरणीय व्यवसाय विभाग ☎072−820−7400
बुकिङ विशेष नम्बर ☎072−868−5374


★सिधै क्लिन सेन्टरमा लग्ने (बुकिङ आवश्यक छैन, शुल्क लाग्नेछ)
सम्पर्क समय 9:00～16:00(सोमबार देखि शुक्रबार)

・शनिबार र आइतबार बाहेक सार्वजनिक बिदाहरूमा खुल्नेछ।
・सम्पर्क स्थानमा आउँदा, आफ्नो निवास कार्ड, विशेष स्थायी बासिन्दा प्रमाणपत्र, स्वास्थ्य बीमा कार्ड, मेरो नम्बर कार्ड वा चालक अनुमतिपत्र लिएर आउनुहोस होस्।
・सामान्य नियमको रूपमा, 2 टनभन्दा बढी तौल भएका सवारी साधनहरू र ट्रकहरू (डम्पर प्रकारका सवारी साधनहरू) निषेधित छन्।。
・बसाईसराई कम्पनीहरू र अन्य पक्षहरूले सामानहरू ल्याउन सक्दैनन्। यो शहर नागरिक हुनुहुन्छ भन्ने प्रमाण सहित आफै आउनु पर्छ।。

सम्पर्क स्थान: क्लिन सेन्टर 2 तल्ला　वातावरणीय व्यवसाय विभाग
☎072－821－4039

## ⑨ घरेलु उपकरण रिसाइकल कानूनको अधीनमा रहेका उत्पादनहरू

लक्षित सामान :


एयर कन्डिसनर (बाहिरी युनिट सहित)


टिभी सेट




रेफ्रिजरेट


लुगा धुने मेसिन (कपडा सुकाउने मेसिन सहित)

※ **सावधान**
・एयर कन्डिसनर (बाहिरी युनिटहरू सहित), टेलिभिजन, रेफ्रिजरेटर, र वाशिङ मेसिनहरू (कपडा सुकाउने मेसिनहरू सहित) कानूनद्वारा पुनः प्रयोग गर्न आवश्यक छ। यदि सम्भव छ भने, कृपया आफ्नो खुद्रा विक्रेतालाई तिनीहरूलाई सङ्कलन गर्न भन्नुहोस्।
※ यदि खुद्रा विक्रेताबाट सामान सङ्कलन गर्न चाहनुहुन्न भने, कृपया तलको प्रक्रिया पालना गर्नुहोस्।
・पहिले, हुलाक कार्यालयमा रिसाइक्लिंग टिकट निश्चित रुपमा खरिद गर्नुहोस्।
・निम्न ① ～ ③ मध्ये कुनै एक तरिकाले ह्यान्डल गर्नुहोस्। (①② छुट्टै शुल्क चाहिन्छ।)
① घरबाट फोहोर उठाउनको लागि क्लिन सेन्टरमा अनुरोध गर्ने।
(बुक्कीन्न विशेष नम्बर ☎072－868－5374　मिति र समय बुक्कीन्न)
②सिधै क्लिन सेन्टरमा लग्ने
③सबैभन्दा नजिकको तोकिएको सङ्कलन केन्द्र (※) लग्ने
(※) कोफुजी कं, लिमिटेड 3-45-1 कासुगा निशिचो, हिराकाटा［☏072-808-3611］) आदि।

## ⑩ ट्युबलाइट र स्प्रे क्यान (तोकिएको क्षेत्रमा जुनसुकै बेला फाल्न सकिन्छ)

फाल्ने ठाउँ : सङ्कलन टोकरीहरू (छिमेकी संघ बैठक हल, सार्वजनिक सुविधाहरू, आदिमा स्थापित)

फाल्ने चिजहरु : ट्युबलाइट  स्प्रे क्यान 

**※सावधान**

- साधारण घरपरिवारबाट आएका सामानहरू मात्र स्वीकार गरिन्छ।
- फोहोर मैला राख्ने ठाउँबाट उठने छैन ।
- स्प्रे क्यान र कार्ट्रिज ग्यासका बोतलहरूको लागि, सकेसम्म भित्रको सबै प्रयोग गर्नुहोस् र झोलामा नराखी सङ्कलन टोकरीमा राख्नुहोस्। (खतराबाट बच्नको लागि, क्यानलाई प्वाल पार्नु पर्दैन। भित्रको पूर्ण रूपमा प्रयोग नभए पनि, तिनीहरूलाई टोकरीमा यथास्थितिमा राख्नुहोस्।)
- ट्युब बत्तीहरू नफुटाउनुहोस्। बरु, तिनीहरूलाई जुन केसमा आएका थिए त्यही केसमा राख्नुहोस् र रिसाइकल टोकरीमा राख्नुहोस्।

## ⑪ कम्प्युटर



कम्प्युटर र डिस्प्लेलाई निम्नानुसार फाल्नुहोस्ः

- ल्यापटप शहरभरि रहेका सार्वजनिक सुविधाहरूमा रहेका तोकिएका सङ्कलन बक्सहरूमा राख्नुहोस्।。
- डेस्कटप कम्प्युटर र डिस्प्लेहरूको लागि, खरिद गर्नुभएको खुद्रा विक्रेता वा निर्मातालाई सम्पर्क गर्नुहोस्। यदि तपाईंलाई निर्माताको बारेमा निश्चित छैन भने, जस्तै यदि तपाईंले आफ्नै कम्प्युटर बनाउनुभएको छ भने, ″जनरल इन्कर्पोरेटेड एसोसिएसन PC 3R प्रमोशन एसोसिएसन″मा (☎03−5282−7685 HP http://www.pc3r.jp) सम्पर्क गर्नुहोस्।

※प्रिन्टरहरूलाई ″② जलाउन नसकिने फोहोर″ को रूपमा फाल्न सकिन्छ। साथै, पसलहरूमा जडान गरिएका सङ्कलन बक्सहरूमा प्रिन्टर मसी कार्ट्रिजहरू राख्नुहोस्।

**●नगरपालिकाले संकलन गर्न नसक्ने वस्तुहरू (कम्पनीहरू वा खुद्रा विक्रेताहरूले सङ्कलन गर्नुपर्ने वस्तुहरू)**

- डेस्कटप कम्प्युटर, पियानो, आगो निभाउने उपकरण, कार र मोटरसाइकलको ब्याट्री र पार्टपुर्जा, आदि।
- खतरनाक सामग्रीहरूः स्प्रिट, इन्धन, फोहोर तेल, रंग, ग्याँस सिलिन्डर, रसायनहरू, आदि।
- फाल्न गाह्रो हुने वस्तुहरूः टायर, माटो, डम्बेल, ढल निकासको कभर, चर्पीकोप्यान, आदि।
- निर्माण फोहोरः मर्मतसम्भार, विस्तार, आदिबाट निस्कने फोहोर सामग्रीहरू (टाइलहरू, टाटामी म्याटहरू, कंक्रीट ब्लकहरू, आदि)

・घरेलु चिकित्सा हेरचाहमा प्रयोग हुने सुईहरू (संक्रमणको जोखिम हुने भएकाले चिकित्सा संस्थासँग परामर्श लिनुहोस्)

# 4. दैनिक जीवनको लागि उपयोगी जानकारी

## (1) समुदायमा बस्ने

जापानमा बस्नको लागि, चलन र नियमहरूमा छिट्टै अभ्यस्त हुनु महत्त्वपूर्ण छ। कुनै प्रश्नहरू छन् भने, आफ्ना छिमेकीहरू वा नेयागावा सिटी इन्टरनेशनल एसोसिएसनलाई सोध्नुहोस्। साथै, तपाईंको क्षेत्रमा "जिचिकाई" (स्थानीय समुदाय संघ) भनिने आवासीय संस्थाहरू छन्, त्यसैले सम्भव भएमा तिनीहरूमा सामेल हुनुहोस् र समुदायको सदस्यको रूपमा सक्रिय हुनुहोस्।

पृष्ठ 1 मा उल्लेख गरिएझैं, जापान धेरै भूकम्प जाने देश हो।

छिमेकीहरूसँग अन्तरक्रिया गर्नाले विपद्को अवस्थामा आफ्नो र आफ्ना प्रियजनहरूको जीवन जोगाउन मद्दत गर्न सक्छ।

छिमेकी संघ (सदस्यता शुल्क आवश्यक) ले निम्न कार्य गर्दछः

・स्थानीय क्षेत्रको सरसफाई, अपराध र प्रकोप रोकथाम प्रयास, एकअर्कालाई सहयोग गर्ने, र स्थानीय कार्यक्रमहरू आयोजना गर्ने।

・सरकार र स्थानीय क्षेत्रको बारेमा जानकारी प्रदान गर्ने पर्चाहरूको वितरण

सम्पर्क स्थान　नगरपालिकाको मुख्य कार्यालय, 1 तल्ला, नागरिक गतिविधि प्रवर्द्धन कार्यालय

☎072－825－2120

NPO नेयागावा सिटी इन्टरनेशनल एक्सचेन्ज एसोसिएसन

☎072－811－5935

HP： http://www.niefa.or.jp

# 5. रोग र स्वास्थ्य

## (1) चिकित्सा बीमा प्रणाली

・जापानमा तीन महिनाभन्दा बढी समयदेखि बसोबास गर्ने जो कोहीले, विदेशी नागरिकहरू समेतले, जापानको सार्वजनिक चिकित्सा बीमामा नामांकन गर्नुपर्छ। यद्यपि, यदि जापानसँग सामाजिक सुरक्षा सम्झौता भएको देशबाट हुनुहुन्छ र त्यो देशले चिकित्सा बीमा प्रमाणपत्र जारी गरेको

छ भने, जापानी चिकित्सा बीमामा नामांकन गर्न आवश्यक छैन। ＊आफ्नो देशको जापानसँग सम्झौता छ कि छैन भनेर आफैं चेक गर्नुहोस्।

・″कर्मचारी बीमा (कार्यस्थल स्वास्थ्य बीमा जस्तै सामाजिक बीमा)″ र ″राष्ट्रिय स्वास्थ्य बीमा″ छन्।

・जब बीमामा भर्ना हुनुहुनेछ, ″योग्यता पुष्टिकरण पत्र″ वा ″योग्यता जानकारीको सूचना (माई नम्बर बीमा कार्ड दर्ता गर्नेहरूका लागि)″ प्राप्त गर्नुहुनेछ।

※माई नम्बर स्वास्थ्य बीमा कार्डः स्वास्थ्य बीमा जानकारी दर्ता भएको माई नम्बर कार्ड

・जाँच गरिने चिकित्सा संस्थामा आफ्नो माइ नम्बर स्वास्थ्य बीमा कार्ड वा योग्यता प्रमाणपत्र प्रस्तुत गर्नुहोस् र चिकित्सा खर्चको 20% वा 30% तिर्नु पर्छ (75 वर्ष वा सोभन्दा माथिका उमेर समूहका व्यक्तिहरू जो वृद्धवृद्धाको लागि चिकित्सा हेरचाह प्रणालीमा भर्ना भएका छन् उनीहरूले आफ्नो आयको आधारमा 10%, 20%, वा 30% तिर्नु पर्छ)।

(1) **कर्मचारी बीमा (सामाजिक बीमा, कार्यस्थल स्वास्थ्य बीमा, आदि)**

कर्मचारीहरू र उनीहरूका परिवारहरूले सर्तहरूमा निर्भर गर्दै कार्यस्थलको चिकित्सा बीमामा नामांकन गर्न सक्छन्। आवेदन र बीमा प्रिमियम भुक्तानी तपाईंले काम गर्ने कम्पनीद्वारा ह्यान्डल गरिन्छ।

＊सामान्य नियमको रूपमा जापानमा विदेशी चिकित्सा बीमा प्रयोग गर्न सकिँदैन।

सम्पर्क स्थान ①तपाईंको कम्पनी
②हिराकाटा पेन्सन कार्यालय ☎072－846－5011

(2) **राष्ट्रिय स्वास्थ्य बीमा**

कर्मचारी स्वास्थ्य बीमामा नामांकन गर्न नसक्ने र तीन महिनाभन्दा बढी समय जापानमा बस्नेहरूले राष्ट्रिय स्वास्थ्य बीमामा नामांकन गर्नुपर्छ।。

● निबेदन दिने ठाउँ
नेयागावा शहर सर्बिस गेट, 2 तल्ला, नागरिक सेवा विभाग (राष्ट्रिय स्वास्थ्य बीमा खण्ड)
☎050－1721－9283

## चाहिने कुराहरु

・निवासी दर्ता गरिसकेको
・जापानमा तीन महिनाभन्दा बढी समय बस्ने पक्का भएको।
・कर्मचारी बीमा नभएको आदि।

※विवरणहरूको लागि, ″2. कानूनी प्रक्रियाहरू (7) राष्ट्रिय स्वास्थ्य बीमामा भर्ना हुने″ हेर्नुहोस्।

● बीमा प्रिमियमको भुक्तानी

बीमा प्रिमियम वार्षिक रूपमा निर्धारण गरिन्छ र अघिल्लो वर्षको आम्दानीको आधारमा गणना गरिन्छ।वार्षिक बीमा प्रिमियम अर्को वर्षको जुन देखि मार्च सम्म प्रत्येक महिना 10 किस्तामा भुक्तानी गरिन्छ।

## भुक्तानी विधि

①बैंक, हुलाक कार्यालय, नेयागावा सिटी सर्भिस गेट, वा कुनै पनि सिटी स्टेशन (होरिमिजो सर्भिस काउन्टर सहित) मा रकम स्थानान्तरण गरेर।

②भुक्तानी पर्ची बाट बैंक, हुलाक कार्यालय, नेयागावा सिटी सर्भिस गेट, कुनै पनि सिटी स्टेशन (होरिमिजु सर्भिस काउन्टर सहित), वा कम्बिनीमा सिधै भुक्तानी।

② लाइन पे वा क्रेडिट कार्डबाट भुक्तानी

सम्पर्क स्थान फोन मात्र : नगरपालिका मुख्य भवन 1 तल्ला, नागरिक सेवा विभाग (संकलन र भुक्तानी) ☎072−813−1189

काउन्टर : नेयागावा शहर सर्बिस गेट, 4 तल्ला, नागरिक सेवा विभाग (संकलन र भुक्तानी)

● 「"योग्यता पुष्टिकरण प्रमाणपत्र" वा "मेरो नम्बर बीमा कार्ड"

・प्रति व्यक्ति एउटा योग्यता प्रमाणपत्र जारी गरिनेछ।

・चिकित्सा संस्थामा जाँदा, कृपया आफ्नो योग्यता पुष्टिकरण वा मेरो नम्बर स्वास्थ्य बीमा कार्ड निश्चित रुपमा लिएर जानुहोस्।

・तपाईंको योग्यता पुष्टिकरण वा मेरो नम्बर स्वास्थ्य बीमा कार्ड नेयागावा शहर बाहिरका चिकित्सा संस्थाहरूमा प्रयोग गर्न सकिन्छ, त्यसैले यात्रा गर्दा यसलाई साथमा लाहुनुहोस्। (यद्यपि, तिनीहरू विदेशमा प्रयोग गर्न सकिँदैन।))

※ ध्यान दिनुपर्ने कुराहरू

・यसलाई अरूलाई उधारो दिन, उधारो लिन, वा किन्न वा बेच्न सक्नुहुन्न। यो कानूनद्वारा निषेधित छ र तपाईंलाई दण्डित गरिनेछ।

・बसाइसर्दा, बसाई सरेको स्थानको नगरपालिकालाई जानकारी दिनुहोस्।

・म्याद सकिएका प्रमाणपत्रहरू प्रयोग गर्न सकिँदैन। नयाँ प्रमाणपत्रको लागि आवेदन दिनुहोस्। पछिको मितिमा हुलाकबाट पुग्छ।

(माई नम्बर कार्डको म्याद सकिएको छ भने, नेयागावा शहर राहदानी केन्द्रको माई नम्बर कार्ड खण्डमा आवेदन दिनुहोस्।)

・यदि कम्पनीको स्वास्थ्य बीमामा भर्ना हुनुभयो वा नेयागावा शहरबाट बाहिर सर्नुभयो (वा देश छोड्नुभयो) भने, प्रमाणपत्र खारेज गर्नुहोस् वा राष्ट्रिय स्वास्थ्य बीमा कार्यालयमा फिर्ता गर्नुहोस्।

**※राष्ट्रिय स्वास्थ्य बीमा प्रयोग गर्न नसकिने अवस्था**

- सामान्य गर्भावस्था र प्रसव, कस्मेटिक सर्जरी, स्वास्थ्य जाँच, खोप, दाँत सुधार, आदि।
- जानाजानी वा झगडा वा गैरकानूनी गतिविधिको परिणामस्वरूप भएको चोटपटक

**※योग्यता पुष्टिकरण वा माई नम्बर स्वास्थ्य बीमा कार्ड नलिई चिकित्सा संस्थामा गए भने**

- पूरा रकम तिरेर रसिद र चिकित्सा शुल्क विवरण प्राप्त गर्ने। त्यसपछि, नगरपालिकामा गएर र फिर्ताको लागि आवेदन दिने। समीक्षा पछि, आफ्नो चिकित्सा खर्चको 70% वा 80% फिर्ता पाउनेछ।
- विदेशको अस्पतालमा उपचार गराउनुभयो भने पनि, चिकित्सा खर्चको आंशिक फिर्ता पाउन सक्नुहुन्छ। थप जानकारीको लागि नगरपालिकामा सम्पर्क गर्नुहोस्।

**※व्यक्तिले वहन गर्ने चिकित्सा खर्चको रकम सीमा नाघेको खण्डमा आवेदन दिएपछि प्रदान गर्ने प्रणाली।**

- यदि चिकित्सा खर्च स्व-भुक्तानी सीमा भन्दा बढी छ भने, सीमा भन्दा बढीको सम्पूर्ण रकम "उच्च-लागत चिकित्सा खर्च" को रूपमा भुक्तानी गरिनेछ। चिकित्सा संस्थामा गएको कम्तिमा तीन महिना पछि, नगरपालिकाले सम्बन्धित घरपरिवारको प्रमुखलाई "उच्च-लागत चिकित्सा खर्चको सूचना" पठाउनेछ, र त्यसमा उल्लेख गरिएका प्रक्रियाहरू पालना गर्न भनिनेछ।
- आवेदन दिनको लागि चिकित्सा संस्था आदिबाट प्राप्त रसिदको आवश्यकता पर्न सक्छ, त्यसैले यसलाई नगुमाउनुहोस्।

सम्पर्क स्थान　नेयागावा शहर सर्बिस गेट, 2 तल्ला, नागरिक सेवा विभाग
(राष्ट्रिय स्वास्थ्य बीमा खण्ड)
☎050－1721－9283

## (2) बिरामी वा चोटपटक लागेमा

**●अस्पताल र क्लिनिकहरू**

- चेकअपहरू हप्ताका दिन र शनिबार खुला रहन्छन्, र आइतबार र सार्वजनिक बिदाहरूमा बन्द रहन्छन्।
- आपतकालीन अवस्थामा, एम्बुलेन्स बोलाउनुहोस् (☎119)
- औषधि लिँदा, डाक्टर वा फार्मासिस्टले विस्तृत व्याख्या सुन्नुहोस्।
- बिदाको दिन र व्यापारिक समय बाहिर, छुट्टी आपतकालीन क्लिनिक प्रयोग गर्नुहोस्।

**●बिदाको दिनमा आपतकालीन चिकित्सा सेवा**

नगरपालिका स्वास्थ्य तथा कल्याण केन्द्र क्लिनिक☎072－828－3931

उपचार दिनः  आइतबार, राष्ट्रिय बिदा, नयाँ वर्षको बिदा (12/30~1/4)
समयः  9:30~11:30  12:30~16:30  17:30~20:30 (बालरोग विशेषज्ञ मात्र)
चिकित्सा विषयः  आन्तरिक , बालरोग, दन्तचिकित्सा
ठाउँ :  इकेडा निशिमाची, नेयागावा 28−22 (शहर स्वास्थ्य तथा कल्याण केन्द्र, 1 तल्ला)

## ●रात्रिकालीन आपतकालीन केन्द्र

हिराकाटा सिटी मेडिकल एसोसिएसन भवन 1 तला  ☎072−840−7555
चेकअप दिन :  हरेक दिन
समय :  20:30~बिहान 6 :30
चिकित्सा विषय :  बालरोग (जुनियर हाई स्कूल तेस्रो वर्षका सम्म)
ठाउँ :  किन्या होनमाची, हिराकाटा 2−14−16




## ● AED को बारेमा

AED भनेको、Automated External Defibrillator को पहिलो अच्छरको संक्षिप्त रूप हो। (स्वचालित बाह्य डिफिब्रिलेटर)
यो एउटा सानो उपकरण हो जसले मुटु अचानक आघात (भेन्ट्रिकुलर फाइब्रिलेसन) मा जाँदा मुटुलाई सामान्य अवस्थामा फर्काउन बिजुलीको झट्का दिन्छ।

सुइच अन गर्दा, आवाज निर्देशन (जापानी भाषामा) ले तपाईंलाई उपकरण कसरी प्रयोग गर्ने भनेर चरणबद्ध रूपमा मार्गदर्शन गर्नेछ, ताकि जो कोहीले पनि यसलाई प्रयोग गर्न सकून्। (AED ले बिजुलीको झट्का आवश्यक छ कि छैन भनेर पनि निर्धारण गर्नेछ।)
यो नेयागावा शहर भित्र स्टेशनहरू र कम्बिनी स्टोरहरू जस्ता सार्वजनिक स्थानहरूमा सम्झौताको आधारमा स्थापित छन्।

सम्पर्क स्थान नगरपालिकाको मुख्य कार्यालयको 3 तल्ला प्रकोप रोकथाम महाशाखा,
☎072－825－2194

## (3) स्वास्थ्य जाँच र परीक्षणहरू

वयस्कहरूको स्वास्थ्य जाँच स्वास्थ्य तथा कल्याण केन्द्र वा तोकिएको चिकित्सा संस्थाहरूमा गर्न सकिन्छ। नियमित स्वास्थ्य जाँचले रोगबाट बच्न र प्रारम्भिक पहिचान र उपचारमा मद्दत गर्न सक्छ। मिति र समय जस्ता विवरणहरू न्यूजलेटरमा प्रकाशित गरिनेछ।

सम्पर्क स्थान स्वास्थ्य तथा कल्याण केन्द्र स्वास्थ्य प्रवर्द्धन महाशाखा
☎072－812－2002

# 6. बच्चाको जन्म र हेरचाह

## (1) गर्भवती हुँदा

・″गर्भावस्था सूचना″ पेश गर्नुहोस्। नगरपालिकाले मातृ तथा बाल स्वास्थ्य पुस्तिका जारी गर्नेछ। जनस्वास्थ्य नर्स वा सुडेनीसँग अन्तर्वार्ता आवश्यक छ। बुक्किन आवश्यक छ, त्यसैले यहाँ बाट बुक्किन गर्नुहोस् र ″गर्भावस्था सूचना″ फारम पहिले नै भर्नुहोस्।
HP:
https://www.city.neyagawa.osaka.jp/organization_list/kodomo/kosodatesienka/bosi_kenkou/ninpukensinkyousitu/1459123794311.html

・आवेदन दिने स्थान: नेयागावा सिटी सर्भिस गेट 7 तल्ला बाल हेरचाह सहयोग डिभिजन
・गर्भावस्थाको समयमा, प्रसूति तथा स्त्री रोग विभाग भएको क्लिनिक वा अस्पतालमा प्रसवपूर्व जाँच गराउन सक्नुहुन्छ।

बाल हेरचाह सहयोग विभागले सार्वजनिक स्वास्थ्य केन्द्रहरू, सुडेनीहरू, आदिबाट निःशुल्क स्वास्थ्य परामर्श प्रदान गर्दछ।

सम्पर्क स्थान  यागावा सिटी सर्भिस गेट 7 तल्ला
बाल हेरचाह सहयोग विभाग (मातृ तथा बाल स्वास्थ्य शाखा)  ☎072-800-7079

## (2) **मातृ तथा बाल स्वास्थ्य पुस्तिका**




・यो गर्भावस्था, प्रसव, र आमा र शिशुको स्वास्थ्यको लागि बाल हेरचाहको समयमा मातृ र शिशुको स्वास्थ्य स्थितिको रेकर्ड हो।
・स्वास्थ्य संस्थामा जाँदा, स्वास्थ्य जाँच गराउँदा वा खोप लगाउँदा सधैं यसलाई साथमा लैजानु होला ।

## (3) **जब बच्चा जन्मन्छ**

●बच्चा जन्मदा
・अस्पतालमा जन्म प्रमाणपत्र पाउनुहुनेछ।
・नेयागावा सिटी सर्भिस गेटको 2 तल्लामा रहेको परिवार रजिस्ट्री कार्यालयमा जन्म प्रमाणपत्र लैजानुहोस् र जन्म दर्ता गराउनुहोस्।
・यदि आमाबाबु मध्ये एक वा दुवै जापानी नागरिक होइनन् भने, आफ्नो देशको दूतावास वा वाणिज्य दूतावासलाई पनि दर्ता गर्नुपर्छ।
・बच्चालाई नियमित रूपमा डाक्टरबाट जाँच गराउनुहोस्।
स्वास्थ्य जाँच र खोपहरू नेयागावा सिटी सर्भिस गेट र चिकित्सा संस्थाहरूमा उपलब्ध छन्।

● बच्चा जन्म र बाल हेरचाह एकमुष्ट भत्ता
यो भत्ता स्वास्थ्य बीमा गरेकाहरुले बच्चा जन्माउदा उपलब्ध गराइन्छ । यदि गर्भावस्था 85 दिन वा सोभन्दा बढी समयसम्म रह्यो भने, शिशु मृत जन्मदा वा गर्भपतन भएपनि लागू हुन्छ । यसका साथै, बच्चा जन्माउने वा बच्चा जन्माइसकेका बीमा गरेका व्यक्तिहरूको लागि बीमा प्रिमियम बच्चा जन्माउनु अघि र पछिको अवधि रकम घटाइनेछ।
थप जानकारीको लागि, कृपया आफ्नो बीमा कम्पनीलाई सम्पर्क गर्नुहोस्।

## (4) **बालबालिकाको चिकित्सा खर्चको लागि अनुदान प्रणाली**

नेयागावा शहरका बासिन्दाको रूपमा दर्ता भएका व्यक्तिहरू जन्मदेखि उच्च माध्यमिक विद्यालयको उमेरसम्म (18 वर्ष पुगेपछि मार्च 31 तारिख) बीमाद्वारा कभर गरिएको चिकित्सा

खर्चको लागि आंशिक अनुदानको ब्यबस्था छ। यद्यपि, यदि स्वास्थ्य बीमामा भर्ना हुनुहुन्न भने, यस प्रणालीको लागि योग्य हुने छैन।

**चाहिने कागजात**

① बच्चाको स्वास्थ्य बीमाको जानकारी (स्वास्थ्य बीमा कार्ड, योग्यता पुष्टिकरण, योग्यता जानकारी सूचना, आदि) प्रमाणित गर्न सक्ने कागजातहरू।

② कर (आय) प्रमाणपत्र (आवेदन वर्षको जनवरी 2 पछि नेयागावा शहरमा सर्नुभएको र 6 वर्ष पुगेर पहिलो मार्च 31 तारिखसम्मका बच्चाहरू)

सम्पर्क स्थान　नेयागावा शहर सर्बिस गेट, 2 तल्ला, नागरिक सेवा विभाग
(चिकित्सा अनुदान विभाग)
☎072－800－7108

## (5) शिशु स्वास्थ्य जाँच सम्बन्धी जानकारी

●1 महिनाको बच्चाको जाँच

・मातृ तथा बाल स्वास्थ्य पुस्तिकाको छुट्टै खण्डमा समावेश गरिएको चिकित्सा परीक्षण टिकट लिएर चिकित्सा संस्था (प्रिफेक्चर भित्र) मा जाने।

●दोस्रो चरणको शिशु स्वास्थ्य जाँच

・4 महिनाको बच्चाको जाँचमा तपाईंलाई दिइएको चिकित्सा परीक्षण टिकट तोकिएको चिकित्सा संस्था (प्रिफेक्चर भित्र) मा लैजानुहोस्।

●4 महिनाको बच्चाको जाँच・18 महिनाको बच्चाको स्वास्थ्य जाँच・अभिभावक-बच्चाको दन्त कक्षाहरू (2 वर्ष 7 महिनाका बालबालिकाको दाँत जाँच)

・3 वर्ष 6 महिनाका बालबालिकाको स्वास्थ्य परीक्षण

・चेकअप मिति भन्दा लगभग एक महिना अगाडि मिति र समय व्यक्तिगत रूपमा सूचित गरिनेछ।。

・यदि सूचना प्राप्त गर्नुभएको छैन वा बिरामीको कारणले निर्धारित मितिमा आउन असमर्थ हुनुहुन्छ भने, हामीलाई सम्पर्क गर्नुहोस्।

सम्पर्क स्थान　नेयागावा सिटी सर्भिस गेट 7 तल्ला, बाल विभाग, बाल हेरचाह सहयोग विभाग
☎072－800-7079 (मातृ तथा बाल स्वास्थ्य)

## (6) बाल भत्ता र एकल अभिभावक परिवारहरूको सहयोग प्रणालीहरू

(1) बाल भत्ता (सेप्टेम्बर 2025 सम्म)

जापानमा हाई स्कूल पास नभएसम्म सँग बस्ने अभिभावकहरूले (आर्थिक वर्षको अन्त्यमा जब 18 वर्ष पुग्छन्) बाल भत्ता पाउनेछ।

सम्पर्क स्थान  नेयागावा सिटी सर्भिस गेट 4 तल्ला  बाल संरक्षण विभाग
☎072－800－7051

(2) एकल अभिभावक परिवारहरूको लागि चिकित्सा खर्च अनुदान प्रणाली
स्वास्थ्य बीमाले कभर गर्ने चिकित्सा खर्चको आंशिक रूपमा अनुदान पाउने प्रणाली छ। यद्यपि, स्वास्थ्य बीमामा गराउनु भएको छैन भने, यो प्रणालीको फाइदा लिन सक्नुहुन्न।
(एकल अभिभावक परिवार चिकित्सा खर्च अनुदान)

सम्पर्क स्थान  नेयागावा सिटी सर्भिस गेट 2 तल्ला  नागरिक सेवा विभाग
(चिकित्सा सहायता विभाग) ☎072-800－7108

(3) बाल सहयोग भत्ता भत्ता पाउनेछ।

(4) एकल-अभिभावक परिवारहरूको जीवनशैली र चिन्ताहरूको बारेमा परामर्श गर्छौं।。

सम्पर्क स्थान  नेयागावा सिटी सर्भिस गेट 4 तल्ला  बाल संरक्षण विभाग
☎072－800－7051

## (7) जब आफ्नो बच्चालाई हेरचाहमा (डेकेयर सेन्टर, आदि) छोड्न चाहनुहुन्छ।

(1) बाल हेरचाह सुविधाहरू (डेकेयर सेन्टरहरू, प्रमाणित बाल हेरचाह केन्द्रहरू, र कम्पनी भित्रका बाल हेरचाह सुविधाहरू) काम वा अन्य कारणले गर्दा घरमा आफ्ना बच्चाहरूको हेरचाह गर्न नसक्ने आमाबाबुको लागि बाल हेरचाह प्रदान गर्ने सुविधाहरू।

- प्रयोगका सर्तहरू : महिनामा 64 घण्टा वा सोभन्दा बढी समयको रोजगारी, गर्भावस्था, प्रसव, बिरामी, चोटपटक, अशक्तता, सँगै बस्ने परिवारको सदस्यको हेरचाह
- नर्सिङ, विपद् पुनःप्राप्ति, निरन्तर जागिर खोजी, विद्यालय उपस्थिति, आदि।
- बाल हेरचाह उमेर: सिद्धान्ततः, मातृत्व बिदाको अन्त्यदेखि स्कूल जाने उमेर नपुग्दासम्म
- बाल हेरचाह शुल्क : सम्बन्धित घरपरिवारका अभिभावकहरू (बुबा र आमा) ले तिरेको नगरपालिका करको रकमबाट निर्धारण गरिन्छ। एउटै घरपरिवारको दोस्रो बच्चा र त्यसपछिका बच्चाहरूको लागि बाल हेरचाह शुल्क 0 येन हुनेछ।
- आवेदन दिने तरिका : लोगो फारम इलेक्ट्रोनिक आवेदन
- आवेदनको लागि आवश्यक कागजातहरू : हेरचाहको आवश्यकता प्रमाणित गर्ने

कागजातहरू

सम्पर्क स्थान　नेयागावा सिटी सर्भिस गेट 4 तल्ला　बाल हेरचाह खण्ड ☎072-800-7087

(2) घरमा अनुपस्थिति परिवारहरूको लागि बाल संघ

काम वा अन्य कारणले दिनभरि आमाबाबु घरमा नहुने प्राथमिक विद्यालयका बालबालिकाहरूका लागि स्कूल पछि र लामो बिदा आदिमा खेल्न र बस्नको लागि उपयुक्त ठाउँ प्रदान गर्न प्रत्येक प्राथमिक विद्यालयमा यी सुविधाहरू स्थापना गरिएका छन्, बच्चा हरूको स्वस्थ विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले।

・सेवा प्रयोग गर्न, आवेदन दिनुपर्छ (शुल्क लाग्छ)।

सम्पर्क स्थान　नगरपालिका मुख्य कार्यालय पूर्वी भवन 1 तल्ला, नेयागावा शहर शिक्षा बोर्ड, सामाजिक शिक्षा प्रवर्द्धन डिभिजन ☎072-813-0075

## (8) बाल हेरचाह सहयोग

(1) अभिभावक र बच्चाको हट स्टेशन

यो सुविधाले बालबालिका र अभिभावकहरूलाई खेल्ने ठाउँ, अभिभावकहरूलाई एकअर्कासँग अन्तरक्रिया गर्ने ठाउँ, र व्याख्यान र सेमिनारहरू मार्फत जानकारी आदानप्रदान गर्ने ठाउँ, साथै बाल-पालन सम्बन्धी परामर्श प्रदान गर्दछ।

लक्षितः नेयागावा शहरमा बस्ने 0 देखि प्रिस्कूल उमेरका बालबालिका र उनीहरूका अभिभावकहरू

प्रयोग समयः 10:00～16:00

बन्द दिनहरू : प्रत्येक महिनाको दोस्रो आइतबार, डिसेम्बर 29 देखि जनवरी 3 सम्म

सम्पर्क स्थान　अभिभावक र बच्चाको हट स्टेशन ☎ 072-811-3003

※अप्रिल 2026 मा "बाल पुस्तकालय +प्लस" मा सर्नेछ।

(2) MYCITY सुडेनी भ्रमण

सुडेनी र अन्य हेरचाहकर्ताहरूले गर्भवती महिला र 4 महिनासम्मका बच्चाहरूलाई घरमै भेटेर बाल हेरचाह (स्तनपान, शिशु विकास, प्रसवोत्तर स्वास्थ्य, आदि) बारे परामर्श र सल्लाह दिन्छन्।

आवेदन दिनको लागि, मातृ तथा बाल स्वास्थ्य पुस्तिकाको पूरक खण्डमा संलग्न QR कोड प्रयोग गर्नुहोस्, वा सिधै हामीलाई कल गर्नुहोस्।

HP:

https://www.city.neyagawa.osaka.jp/organization_list/kodomo/kosodatesienka/bosi_kenkou/ninpukensinkyousitu/1615429012330.html

सम्पर्क स्थान　नेयागावा सिटी सर्भिस गेट 7 तल्ला　बाल हेरचाह सहयोग विभाग
☎072-800-7079

(3) कोनिचिवा शिशु भ्रमण (नवजात शिशु भ्रमण गरिएका घरहरू बाहेक) जनस्वास्थ्य नर्सहरू र अन्य कर्मचारीहरू 4 महिनासम्मका बच्चाहरू भएका सबै घरहरूमा बाल हेरचाह परामर्श र सल्लाह प्रदान गर्न भ्रमण गर्छन्, र बाल हेरचाहलाई समर्थन गर्ने "बाल हेरचाह नवी" पत्रिका वितरण गर्छन्।
लक्षित घरपरिवारहरूलाई अग्रिम पोस्टकार्ड पठाइनेछ (कुनै आवेदन आवश्यक पर्दैन)। यदि घरमा कोही भएन भने, पटक पटक भ्रमण गर्नेछ।
※भ्रमण गर्ने कर्मचारीहरूले भ्रमण गर्दा आफ्नो परिचयपत्र साथमा बोक्नेछ।
※नेम प्लेट नभएको घरमा सूचना पत्रिकाहरू पुर्‍याउन सकिँदैन, त्यसैले कृपया आफ्नो अगाडिको ढोकामा नेम प्लेट झुण्ड्याउनुहोस्।

सम्पर्क स्थान　नेयागावा सिटी सर्भिस गेट 7 तल्ला　बाल हेरचाह सहयोग विभाग
☎072-800-7079
HP:http://www.city.neyagawa.osaka.jp/organization_list/kodomo/kosodatesienka/kosodatesien/kosodate_navi/1379573821323.html

(4) यदि छोराछोरी हुर्काउन समस्या भइरहेको छ भने
①बाल परामर्श
बाल पालनपोषण, अनुशासन, अपराध, अपाङ्गता, आदि बारे सल्लाह।

सम्पर्क स्थान　ओसाका प्रिफेक्चरल केन्द्रीय बाल तथा परिवार केन्द्र ☎072－828－0161
HP:https://www.pref.osaka.lg.jp/soshikikarasagasu/kodomokatei/index.html

②बालबालिका परामर्श
18 वर्ष मुनिका बालबालिकासँग सम्बन्धित समस्या र चिन्ताहरूमा सल्लाह

सम्पर्क स्थान　नेयागावा सिटी सर्भिस गेट 4 तल्ला　बाल संरक्षण विभाग　बाल परामर्श
☎072－800－7065

③ धम्की सम्बन्धमा परामर्श

नेयागावा सिटीले प्राथमिक र जुनियर हाई स्कूलका विद्यार्थी र अभिभावकहरूका लागि धम्की (इजीमे) सँग सम्बन्धित मुद्दाहरूको लागि परामर्श डेस्क स्थापना गरेको छ।

प्रयोग गर्ने तरिका : धम्की रिपोर्ट गर्न कृपया तलको टोल-फ्री नम्बरमा कल गर्नुहोस्, वा इमेल वा आधिकारिक नगरपालिकाको एप प्रयोग गर्नुहोस्।
